- दूध तथा दुग्ध पदार्थहरुको गुणस्तर परिक्षण, विश्लेषण गर्ने ।
- दूध तथा दुग्ध पदार्थको वजार पहिचान गर्ने ।
- दुग्ध प्रविधि सम्बन्धी सल्लाह र सहयोग प्रदान गर्ने ।

## प्रशासन शाखा

यस शाखा अन्तरगत सामान्य प्रशासन तथा आर्थिक प्रशासन पर्दछन । यस शाखा अन्तर्गत देहायका कार्यहरु पर्दछन:

- बोर्डको लागि चाहिने जनशक्ति योजना तयार पारी सो सम्वन्धि आवश्यक कार्य गर्ने ।
- बोर्डको ऐन, विनियम आदि परिमार्जनको प्रारम्भिक कार्य गर्ने ।
- कार्यकारी समितिको बैठक व्यवस्थापन गर्ने ।
- आर्थिक क्रियाकलाप पारदर्शिताका साथ व्यवस्थापन गर्ने ।
- बोर्डको चल तथा अचल सम्पतिको सुरक्षण गर्ने ।
- दुग्ध उद्योगहरुको दर्ता एवं कार्यालयमा सुशासन कायम गर्ने ।
- अन्य निकायहरुसंग समन्वय गरी कार्यालय व्यवस्थापन गर्ने ।

## दुग्ध विकास कोष

दुग्ध क्षेत्रको बिकासका लागि राष्ट्रिय दुग्ध विकास बोर्डले दुग्ध बिकास कोष संचालन कार्यविधि निर्देशिका, २०५६ को अधिनमा रहि दुग्ध विकास कोषको व्यवस्था गरेको छ । यो कोषको स्वरुप आवर्ती रहेको छ । यस कोषको मुख्य उद्देश्य दुग्ध उत्पादक सहकारी संस्था/संघ, दुग्ध उद्योगहरु तथा दुग्ध फर्महरुलाई आवश्यक मेशिनरी, औजार तथा जगेडा पार्टपुर्जाहरु खरिद गर्नको लाथि अचल सम्पति धितो लिई सहुलियत व्याजदरमा ऋण प्रदान गर्नु रहेको छ । साथै ऋणीले दुग्ध विकास कोषको ऋणवाट खरिद गरिएका मेशिनरी, औजार तथा उपकरणहरुको सुरक्षाको लागि अनिवार्य बीमा गर्नु पर्ने प्रावधान रहेको छ ।

## बोर्डद्वारा सम्पादित मुख्य कार्यहरु

- राष्टिय दुग्ध विकास नीति, २०७८
- पञ्च बर्षिय दुग्ध विकास योजना, २०७७
- दश बर्षिय दुग्ध विकास योजना, २०७५
- दुग्ध विकास रणनीति, २०७०
- दुग्ध उद्योगहरुको लागि आचार संहिता, २०६१
- दुग्ध उद्योगहरुमा No Return System
- दूध ढुवानी गाडीका लागि प्रतिक चिन्ह (लोगो)
- Sexed Semen खरिद तथा वितरण
- National Dairy Training and Research Institute स्थापनार्थ सम्भाव्यता अध्ययन ।
- कच्चा दुधबाट धुलो दुध (SMP) उत्पादन लागत अध्ययन ।
- Geo-mapping of Commercial Dairy Farm and Dairy Processing Industries in Nepal, 2017

## नियमित कार्यक्रमहरु

- दूध र दुग्ध क्षेत्रसंग सम्बन्धित विभिन्न अध्ययनहरु ।
- तालिम (दुग्ध पदार्थ विविधिकरण, गुणस्तरिय चीज उत्पादन, चिलिङ्ग भ्याट मर्मत तथा सम्भार, मिल्क एनालाईजर मर्मत तथा सम्भार, असल दूध उत्पादन, दुग्ध प्रयोगशाला आदि)
- टेलिभिजन, रेडियो, पत्रिका मार्फत दूधको उपभोग बढाउन प्रचार प्रसार ।
- दुग्ध उत्पादक सहकारी संस्था/संघ/दुग्ध उद्योगहरुको अनुगमन ।


## सम्पर्क ठेगाना

**राष्ट्रिय दुग्ध विकास बोर्ड**

हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल

पोष्ट वक्स: ५९०१

फोन नं.: ००९७७ ०१ ५५२५४००/५५४४७४७

फ्याक्स नं.: ००९७७ ०१ ५५३२०९६

ईमेल: nddbnepal@mail.com

वेवसाईट: www.nddb.gov.np


# राष्ट्रिय दुग्ध विकास बोर्ड (रा.दु.वि.बोर्ड)

(राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन २०४८ अन्तर्गत स्थापित)



**दूध तथा दुग्ध पदार्थको नियमित सेवन गरौ स्वस्थ रहौ ।**

## परिचय

राष्ट्रियस्तरमा दुग्ध व्यवसाय सम्वन्धी नीति निर्माण तथा तत् सम्वन्धी विकास योजना तर्जुमा गरी निजी क्षेत्र र सरकारी क्षेत्रको बीच सामञ्जस्य ल्याई दूध उत्पादन पेशालाई बढी सवल तुल्याउन नेपाल सरकारद्वारा राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रुपमा राष्ट्रिय दुग्ध विकास बोर्डको स्थापना भएको हो ।

## लक्ष्य

दुग्ध क्षेत्रको समग्र विकास तथा प्रबर्द्धन गर्नको लागि नेपाल सरकारलाई उपयुक्त नीति निर्माण गर्न सुझाव प्रदान गर्नु नै बोर्डको मुख्य लक्ष्य रहेको छ ।

## उद्देश्य

(१) राष्ट्रिय स्तरमा दुग्ध व्यवसाय सम्वन्धी नीति निर्माण र तत्सम्वन्धी विकास योजना तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने ।

(२) दुग्ध उद्योगको विकास गर्ने, गराउने ।

(३) दुग्ध विकासको लागि पशु विकास र पशु स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउने ।

(४) देश भित्रका सम्पूर्ण निजी र सरकारी क्षेत्रका दुग्ध व्यवसायीहरु वीच सामञ्जस्य स्थापना गर्ने, गराउने ।

(५) दुग्ध विकास सम्वन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(६) पशु चरनको प्रवन्ध गर्ने, गराउने ।

## काम, कर्तव्य र अधिकार

(१) दूध तथा दुग्ध पदार्थहरु र पशु आहाराको उत्पादन एवं प्रवर्द्धनको लागि आवश्यक हुने पदार्थहरुको आयात तथा उत्पादित दूध तथा दुग्ध पदार्थहरु र पशु आहाराको निर्यात सम्वन्धी नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारीस गर्ने र पारित नीति कार्यान्वयन गर्ने, गराउने ।

(२) दूधको मूल्य निर्धारण गर्ने नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(३) दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ताहरुको हितको लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

(४) सहकारीको माध्यमवाट दुग्ध व्यवसायको विकास गर्न प्रोत्साहन गर्ने, गराउने ।

(५) दुग्ध उद्योगहरुको दर्ता गर्ने, गराउने ।

(६) दुग्ध उद्योगको लागि आवश्यक स्वदेशी तथा विदेशी सहायता, अनुदान तथा ऋणको व्यवस्था तथा परिचालन गर्ने, गराउने ।

(७) दुग्ध उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलव्ध गर्ने, गराउने ।

(८) दुग्ध उद्योग सम्वन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## कार्यकारी समिति:

राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ७ (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समिति गठन गरिएको छ । सो कार्यकारी समितिको अध्यक्ष नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्री, उपाध्यक्ष सोहि मन्त्रालयका सचिव र राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक सदस्य-सचिव रहने प्रावधान सहित हाल १७ सदस्यीय कार्यकारी समिति रहेको छ ।

## बोर्डको आन्तरिक संरचना

बोर्डको कार्यहरु सम्पादन गर्न चार शाखाहरुको व्यवस्था गरिएको छ ।

### योजना, अनुगमन तथा मूल्यांकन शाखा

यस शाखा अन्तर्गत देहायका कामहरु पर्दछन्:

- दुग्ध विकास सम्बन्धि वार्षिक योजना, कार्यक्रम र वजेट तर्जुमा गर्ने ।
- दुग्ध सहकारी, दुग्ध उद्योग तथा सरकारी दुग्ध उद्योगको अनुगमन तथा मूल्यांकन गर्ने ।
- दुग्ध सहकारी तथा उद्योगको लागि उपयुक्त आयोजना तयार पार्ने ।
- दुग्ध सहकारी, निजी तथा सरकारी दुग्ध उद्योगहरुको तथ्यांक संकलन एवं विश्लेषण गर्ने ।
- बोर्डवाट संचालित कार्यक्रमहरुको अनुगमन गर्ने ।
- राष्ट्रिय दुग्ध सूचना प्रणाली विकास गरी अद्यावधिक गर्ने ।

### परियोजना व्यवस्थापन, तालिम तथा विस्तार शाखा

यस शाखा अन्तर्गत देहायका कामहरु पर्दछन्:

- दुग्ध विकास सम्बन्धी गतिविधिहरुको प्रचार प्रसार गर्ने ।
- दुग्ध प्रसार कार्यक्रम पहिचान गर्ने, गराउने ।
- आयोजनाहरु कार्यान्वयन गर्ने ।
- व्यावसायिक योजना तयार पार्न परामर्श सेवा प्रदान गर्ने ।
- तालिमको पहिचान र तालिम पाठ्यक्रम तयार पार्ने ।
- तालिम सञ्चालन गर्ने, गराउने ।
- कार्यशाला गोष्ठी तर्जुमा तथा सञ्चालन गर्ने, गराउने ।
- अध्ययन भ्रमणको व्यवस्था गर्ने, गराउने ।

### दुग्ध प्रविधि तथा वजार व्यवस्थापन शाखा

यस शाखा अन्तरगत देहायका कामहरु पर्दछन्:

- दूध तथा दुग्ध विकास सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- दुग्ध प्रविधि लगायत दुग्ध विकासका विभिन्न पक्षहरुको अध्ययन गर्ने ।
- दुग्ध उद्योग स्थापना, सुधार, प्रवर्द्धन, संरक्षण एवं विस्तारको संभाव्यता अध्ययन गर्ने, गराउने ।
- दूधको खरिद विक्री तथा दुग्ध पदार्थको आयात निर्यात सम्वन्धी नीति तर्जुमा गर्ने ।